# ................ नगरपालिकाको आधारभूत स्वास्थ्य सेवा ऐन, २०८२

| | |
|---|---|
| नगर सभाबाट स्वीकृत मिति | |

स्थानीय राजपत्रमा प्रकासित मिति:

.......... नगरपालिका ...............

....................प्रदेश, नेपाल

# ................ नगरपालिकाको आधारभूत स्वास्थ्य सेवा ऐन, २०८२

**प्रस्तावना** : स्वस्थ्यकर जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसात गर्दै नागरिकको शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्यकालागि स्वस्थ्य वातावरण एवं जीवनशैली र गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै;

......... नगरपालिकामा बसोबास गर्ने नागरिकलाई स्वास्थ्य सेवामा पहुँच सहज बनाउन उपलब्ध श्रोत र साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले प्रत्याभूत गरेको स्वास्थ्य सेवासंग सम्बन्धित हकको सुनिश्चित गर्न वान्छनीय भएकोले;

नेपालको संविधानको धारा २२६ बमोजिम ........... नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "......नगरपालिकाको आधारभूत स्वास्थ्य सेवा ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्थामा परी जीवनलाई जोखिम मुक्त बनाउनकालागि आवश्यकता अनुसार तत्काल दिइने प्रारम्भिक स्वास्थ्य सेवालाई सम्झनु पर्दछ ।

(ख) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले यस ऐनको परिच्छेद २ को दफा ३ ले परिभाषित गरे बमोजिमको आधारभूत स्वास्थ्य सेवा सम्झनु पर्छ ।

(ग) "आधारभूत अस्पताल" भन्नाले आधारभूत स्वास्थ्य सेवा लगाएतका स्वास्थ्य सेवाहरु प्रदान गर्ने पाँच देखि पन्ध्र शैयाका अस्पताल सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले.......... नगरपालिका सम्झनु पर्छ ।

(ङ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी वा निजी, ट्रष्ट वा लोककल्याणकारी, सामु ... ायतका संस्थाहरुबाट संचालित आधुनिक चिकित्सा, आयु ... ; प्राकृतिक चिकित्सा, योग, अकुपन्चर, युनानी लगा ... आंशिक स्वास्थ्य सेवा प्रदान गर्ने संस्था सम्झनु पर्छ ।

(च) "स्वास्थ्य सेवा" भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा, योग, अकुपन्चर लगायतका पद्दतीमा आधारित भई गरिने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक,उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक सेवालाई सम्झनु पर्छ ।

(छ) "स्वास्थ्यकर्मी" भन्नाले मान्यता प्राप्त स्वास्थ्य बिज्ञान अध्ययन संस्थाबाट योग्यता प्राप्त गरी प्रचलित कानून बमोजिम सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(ज) "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा सेवा उपभोग गर्ने व्यक्ति सम्झनु पर्छ।

(झ) "सेवा प्रदायक " भन्नाले स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयं सेविका समेत सम्झनु पर्छ ।

(ङ) "सूर्तिजन्य पदार्थ भन्नाले धुम्रपान, भेप वा सूर्ती सेवनको लागि तयार गरिएको वा उत्पादनगरिएको चुरोट, बिंडी, सिगार, तमाखु, सुल्फा, कक्कड़,, कच्चा सूर्ती, खैनी, गुट्खा, वा यस्तैप्रकारका अन्य सूर्तिजन्य पदार्थ सम्झनु पर्छ ।

(ट) "मदिराजन्य पदार्थ" भन्नाले रक्सी, बियर, वाइन जस्ता अल्कोहल मिसिएका पेय पदार्थहरुलाई सम्झनु पर्छ ।

(ठ) डिजिटल स्वास्थ्य (Digital Health) भन्नाले सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत स्वास्थ्य सेवा प्रदान गर्ने, रोग रोकथाम, उपचार, स्वास्थ्य प्रवर्द्धन र स्वास्थ्य प्रणालीको व्यवस्थापनलाई प्रभावकारी बनाउने प्रक्रिया सम्झनु पर्छ ।

## परिच्छेद- २
## आधारभूत स्वास्थ्य सेवा

३. आधारभूत स्वास्थ्य सेवा: (१) नगरपालिकाबाट नगरपालिका भित्र बसोबास गर्ने प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा नि:शुल्क रुपमा प्रदान गर्नेछ ।

(२) उपदफा (१) वमोजिमको आधारभूत स्वास्थ्य सेवा अन्तर्गत जनतालाई नजिकबाट, सरल, किफायती, समग्र र अत्यावश्यक स्वास्थ्य सेवा पुर्याउने उद्देश्यले प्रदान गरिने प्रतिकारात्मक, प्रवर्धनात्मक, उपचारात्मक र पुनर्स्थापनासेवामा आधारित न्यूनतम तथा अनिवार्य स्वास्थ्य सेवा हुनेछन् ।

(३) उपदफा (१) अनुसारका आधारभूत स्वास्थ्य सेवाहरु निम्नानुसार हुनेछन्: -

(क) राष्ट्रिय खोप तालिका अनुसारका खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण, गर्भवती सेवा, प्रसव सेवा, सुत्केरी सेवा, परीवार नियोजन सेवा,र सुरक्षित गर्भपतन सेवा,

(ग) सरुवा रोग तथा महामारी रोग नियन्त्रण र व्यवस्थापन,

(घ) नेपाल सरकारले तोकेका नसर्ने रोग तथा शारीरिक बिकलाङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक स्वास्थ्य सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सेवा,

(छ) सामान्य आकस्मिक स्वास्थ्य सेवा,

(ज) प्रवर्द्धनात्मक स्वास्थ्य सेवा,

(झ) तोकिए बमोजिमका आयुर्वेद तथा प्राकृतिक चिकित्सा सेवा,

(३) उपदफा (२) मा तोकियका स्वास्थ्य सेवाहरु नगरपालिका अन्तर्गतका आधारभूत अस्पताल र अन्य स्वास्थ्य संस्थाहरुबाट नि:शुल्क उपलब्ध गराइनेछ ।

(४) नगरपालिकाले स्थानीय स्रोत र साधन तथा आवश्यकता अनुसार आधारभूत स्वास्थ्य सेवा थप गर्न सक्नेछ र थप गरिएको सेवा समेत नि:शुल्क उपलव्ध हुनेछ।

(५) नगरपालिकाले सरकारी, सामुदायिक, गैर सरकारी एवं निजी अस्पतालसंगको समन्वय र सहकार्यमा आधारभूत स्वास्थ्य सेवा नि:शुल्क उपलव्ध गराउन सक्नेछ।

(६) भौगोलिक विकटताका कारणले आधारभूत स्वास्थ्य सेवाबाट बन्चित समुदायकोलागी घुम्ती स्वास्थ्य क्लिनिक संचालन गरि सेवाको पहुँच बढाईनेछ।

(६) उपदफा (१), २), ३), (४),(५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि हाल तोकिएका आधारभूत स्वास्थ्य सेवा बाहेकका स्वास्थ्य सेवा प्रदान गर्दा स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको निर्णयले न्यूनतम सेवा शुल्क निर्धारण गर्न सक्नेछ ।

(७) नगरपालिकाले स्थानीय स्रोत र साधन तथा आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरुलाई प्रविधि मैत्री बनाउदै डिजिटल स्वास्थ्य सेवाको विकास र विस्तार गर्दै लाग्नेछ।

४. <u>आकस्मिक स्वास्थ्य सेवा</u>: (१) आकस्मिक स्वास्थ्य उपचार प्रदान गर्नु प्रत्येक स्वास्थ्य संस्था र स्वास्थ्यकर्मिको कर्तब्य हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्वास्थ्य संस्थामा आकस्मिक उपचार उपलब्ध हुन नसकेमा त्यस्तो स्वास्थ्य संस्थाले आफुसंग उपलब्ध हुने सेवा प्रदान गरी थप उपचारकोलागि उपयुक्त उच्चस्तरको स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।

५. प्रेषण सेवा: (१) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा सेवा लिन आएका सेवाग्राहीलाई उपलब्ध सेवा प्रदान गरे पछि थप सेवा आवश्यक पर्ने भएमा उच्च सेवा प्रदान गर्ने स्वास्थ्य संस्था तोकी प्रचलित प्रेषण निर्देशिका तथा मापदण्ड अनुरुप प्रेषण गर्नु पर्नेछ ।

(२ ) प्रत्येक स्वास्थ्य संस्थाले उपदफा (१) अनुसार प्रेषण गर्नको लागी पाएक पर्ने विशेषज्ञ अस्पतालहरुको रोष्टर तयार गरी सो अनुसार बिरामीलाई प्रेषण गर्नु पर्नेछ र प्रेषण गरिने अस्पतालसंग उपचार सम्बन्धमा नियमितरुपमा दोहोरो संचार कायम राख्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको चाहाना अनुसार कुनै पनि उच्चस्तरीय अस्पतालमा प्रेषण गर्नु पर्नेछ ।

६. सेवा प्रदायकको व्यवस्था: (१) नगरपालिका क्षेत्र भित्र आधारभूत स्वास्थ्य सेवा देहायका स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिनेछ:-

(क) नगरपालिकाको स्वामित्वमा संचालन भएका आधारभूत अस्पताल लगायतका सबै स्वास्थ्य संस्थाहरु,

(ख) नगरपालिकाको सहकार्यमा संचालित संघीय अस्पताल, प्रदेश अस्पताल, निजी तथा सामुदायिक अस्पताल वा स्वास्थ्य संस्थाहरु,

(ग) उपदफा (१) को खण्ड (ख) बमोजिमको सहकार्य अन्तर्गत नगरपालिकाले सेवा खरिद, सह-लगानी, औषधि, उपकरणहरु खरिद, थप जनशक्तिको व्यवस्थापन र अस्पतालको फोहरमैला व्यवस्थापन तथा सेवा प्रदायकको संस्थागत सामाजिक जिम्मेवारी, समाज सेवा र संस्थाको ख्याती जस्ता कार्य गर्न सक्ने,

(२) नगरपालिका अन्तर्गत संचालन हुने आधारभूत अस्पताल र स्वास्थ्य संस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. स्वास्थ्य सेवा सम्बन्धी सूचनाको पहुँच: (१) नगरपालिकाले नगर क्षेत्र भित्र उपलब्ध हुने स्वास्थ्य सेवाहरुको बारेमा आम नागरिकलाई सुसूचित गराउनु पर्नेछ र स्वास्थ्य संस्थाहरुले आफ्नो संस्थामा उपलब्ध सेवा, सेवा लिने प्रक्रिया, सेवाको मुल्य एवं सोधपुछ केन्द्रबारे जानकारी पाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवाको सूचना प्रवाह गर्नका लागि नगरपालिकाको वेबसाइटमा राखी दुरुस्त गराउने तथा सेवा प्रदायक संस्थाले सबै सेवाग्राहीले देख्ने स्थानमा नागरिक वडा-पत्र, सूचना

अधिकारीको विवरण र नेभिगेसन चार्ट राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको स्वास्थ्य सेवाको सूचनाकोलागि नगरपालिकाले पम्फ्लेट, पोस्टर, लिफलेट जस्ता छापा माध्यम वा सामाजिक सन्जाल र टि.भी.,एफ. एम. एवं सहयोग कक्ष मार्फत जानकारी दिन सक्नेछ।

(४) स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिन आउने सेवाग्राहीलाई आफ्नो उपचार सम्बन्धी सम्पूर्ण जानकारी पाउने हक हुनेछ।

## परिच्छेद–३
## प्रजनन स्वास्थ्य, खोप र पोषण सेवा

८. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा: (१) नगरपालिकाले प्रजनन् स्वास्थ्य सेवालाई सर्वसुलभ, सुरक्षित, गुणस्तरीय तथा पहुँचयोग्य बनाउन आवश्यक कार्यविधि तयार गरी लागू गर्नेछ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सम्बन्धमा तोकिए बमोजिमको सेवा निःशुल्करुपमा उपलब्ध गराउने व्यवस्था हुनेछ ।

(३) तोकिएका स्वास्थ्य संस्थाहरु (बर्थिंग सेन्टर ) मार्फत चौबिसै घण्टा प्रसुती सेवा निःशुल्क रुपमा उपलव्ध हुनेछ।

(४) सुरक्षित मातृत्व सेवामा सेवाग्राहीको पहुँच तथा उपभोग बढाउन प्रोत्साहनतथा जनचेतना मूलक कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(५) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई तोकिएको मापदण्ड अनुसार किशोर- किशोरी र यूवा मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवा प्रदान गर्ने गरी विकास गरिनेछ।

९. खोप सेवा: (१) नगरपालिका भित्र खोपको भण्डारण, आपूर्ति र वितरण व्यवस्थापन सम्बन्धी आवश्यक व्यवस्था नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप गरिनेछ ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारले तोके बमोजिम खोप सेवा निर्धारित खोप तालिका अनुसार तोकिएका स्वास्थ्य संस्था वा खोप केन्द्र मार्फत निःशुल्क उपलब्ध हुनेछ।

(३) स्थानीय आवश्यकता र जनस्वास्थ्यमा पार्ने प्रभाव मूल्यांकनको आधारमा नगरपालिकाले थप खोप सेवाको विस्तार गर्न सक्नेछ।

१०. खोपको अनिवार्यता: (१) खोपजन्य रोगको रोकथाम, नियन्त्रण, निवारण र उन्मुलन गर्नका लागि संचालन गरिने तोकिएका खोपहरु नगरपालिका भित्रका लक्षित वर्गले अनिवार्य रुपमा लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खोप लगाउनु र खोप कार्यमा आवश्यक सहयोग र सहजीकरण गर्नु सम्बन्धित व्यक्ति, अभिभावक वा संरक्षक एवं स्वास्थ्य सम्बन्धी संघ संस्था र शिक्षण संस्था लगायत सवै नागरिकको

कर्तव्य हुनेछ।

(३) खोप सेवाको आवस्यकता, महत्व र त्यस सम्वन्धि सुचना र वारे जनचेतना बढाउन स्वास्थ्य संस्था मार्फत स्वास्थ्य शिक्षा र सुचना र संचारका कार्यक्रमहरु संचालन गरिनेछ।

(४) खोप सेवा संचालन गर्ने कार्यमा कुनै प्रकारको बाधा अवरोध गर्ने, अफवाह फैलाउने वा असहयोग गर्ने कार्य कसैले पनि गर्नु र गराउनु हुँदैन।

११. अनुमति लिनु पर्ने: (१) खोप सेवा संचालन गर्न चाहने निजी, गैर सरकारी र सामुदायिक स्वास्थ्य संस्था वा अस्पतालले नगरपालिकासंग अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति पाएका संस्थाले तोकिएको खोप (भ्याक्सिन) सम्बन्धित निकायबाट प्राप्त गरी निःशुल्करुपमा खोप सेवा संचालन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सेवा संचालन पश्चात नगरपालिकामा माशिक रुपमा नियमित खोपको खर्च र सेवा सम्बन्धी विवरणको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१२. स्तनपान प्रवर्द्धन, संरक्षण,संवर्द्धन तथा पोषण प्रवर्द्धन : (१) बच्चा जन्मेदेखी छ महिनासम्म पूर्ण स्तनपान गराउनु प्रत्येक आमाको कर्तव्य हुनेछ ।

(२) आमाको दुधलाई प्रतिस्थापन गर्ने बस्तुलाई निरुत्साहन गर्न जनचेतनाका कार्यक्रम संचालन गर्नुका साथै प्रचलित कानून बमोजिम नियन्त्रणको व्यवस्था गरिनेछ।

(३) दुई वर्ष मुनिका बालबालिकाहरुको वृद्धि अनुगमनको सेवा सुनिश्चित गरिनेछ।

(४) जनस्वास्थ्यलाइ असरपार्ने अस्वस्थकर खानालाई निरुत्साहन गर्न जनचेतनाका कार्यक्रम संचालन गर्दै स्थानीय उत्पादनमा आधारित पोषिलो स्वस्थ्यकर खानाको प्रयोगलाई प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ।

(५) अति कूपोषित वालवालिकाहरुको पहिचान गरी थप उपचारकालागी पोषण पुनर्थापना केन्द्रमा प्रेषण गर्ने व्यवस्था गरिनेछ।

(६) स्वास्थ्य, शिक्षा, कृषि, पानी र सरसफाई क्षेत्रबीच समन्वय र सहकार्य मार्फत पोषण सम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरी सबै उमेर समूहमा पोषण अवस्था सुधार गरिनेछ।

## परिच्छेद- ४

## आपतकालीन स्वास्थ्य सेवा, महामारी तथा संक्रामक रोगको व्यवस्थापन

१३. आपतकालीन स्वास्थ्य सेवाको व्यवस्थापन : (१) नगरपालिकाले प्रत्येक वर्ष विपद एवं जनस्वास्थ्य संकटको पूर्व तयारी तथा प्रतिकार्य योजनाको तयारी र त्यसकोलागी बजेट व्यवस्थापन गर्नेछ ।

(२) विपद् एवं जनस्वास्थ्य संकटको अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुर्याउन द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकिय समुह गठन गरी परिचालनका लागि पूर्व तयारी गर्नेछ ।

(३) नगरपालिकाले महामारी वा विपद् को अवस्थामा प्रचलित कानूनको अधीनमा रही स्थानीय प्रशासनको समन्वयमा नि श्चि त समयावधिका लागि जनस्वास्थ्य संकटको अवस्था घोषणा गर्न सक्नेछ ।

(४) उपदफा (३ ) बमोजिमको अवस्थाको घोषणा सम्बन्धी जानकारी स्थानीय प्रशासनलाई पत्राचार र सरोकारवाला सबैका लागि सार्वजनिक संचार माध्यम मार्फत गराउनेछ ।

(५) विपद् एवं जनस्वास्थ्य संकटको अवस्थामा वहुपक्षिय समन्वय र सहकार्यकोलागी दफा ५४ अनुसार गठित नगर जनस्वास्थ्य समितिलाई सक्रिय बनाईनेछ ।

(६) उपदफा (२) बमोजिम द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकिय समुहको परिचालन तथा श्रोत व्यवस्थापन सम्वन्धमा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) उपदफा (३) बमोजिमको जनस्वास्थ्य संकटको अवस्थामा पालना गर्नु पर्ने नियम तथा कार्यहरु नगरपालिकाले तोके अनुसार हुनेछ ।

(८) नगरपालिकाले विपद् एवं जनस्वास्थ्य संकटको अवस्थामा संघीय स्वास्थ्य आपतकालीन केन्द्र र प्रादेशिक स्वास्थ्य आपतकालीन केन्द्रको समन्वय र सहयोगमा कार्य संचालन गर्नेछ ।

१४. <u>महामारी तथा संक्रामक रोगको व्यवस्था</u>: (१) स्थानीय स्वास्थ्य संस्थामा कुनै संक्रामक रोगको प्रकोप सामान्य भन्दा धेरै वा नौलो प्रकृतिको देखिएमा महामारीको आशंका गरी तत्काल सो को जानकारी नगरपालिकामा गराउनु पर्नेछ ।

(२) नगरपालिकाको स्वास्थ्य शाखाले संक्रामक रोगको प्रकोपको अध्ययन गरी तत्काल जिल्ला स्वास्थ्य कार्यालय, प्रदेशमा स्वास्थ्य हेर्ने मन्त्रालय र इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा जानकारी दिनु पर्नेछ ।

(३) स्थानीय स्तरमा सरुवा रोगको महामारी फैलिएमा नगरपालिकाले सो को प्रभाव क्षेत्र निर्क्यौल गरी रोकथाम र नियन्त्रणका कार्यहरु गर्नु पर्नेछ ।

(४) महामारीको बेलामा प्रकोपको तह र अवस्था हेरी नगरपालिकाले स्थानीय प्रशासनसंगको समन्वयमा निश्चित समयको लागि निश्चित क्षेत्रमा पूर्ण वा आंशिकरुपमा वन्दावंदीको (लकडाउन) घो ष णा गर्न सक्नेछ।

(५) उपदफा (४) को अवस्थामा गर्नु पर्ने कार्यहरु नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) महामारी नियन्त्रणकालागि नगर भित्रका सरकारी अस्पताल, गैर सरकारी तथा निजी अस्पताल, जि ल्ला स्वास्थ्य कार्यालय र अन्य सम्बन्धित निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

(७) सरुवा तथा महामारी रोगको रोकथाम तथा व्यवस्थापनकोलागि नगरपालिकाले आव्हान गरेको अवस्थामा निर्देशनको पालना गर्नु, स्वास्थ्य परीक्षण गर्नु , गराउनु र उपचार सेवामा संग्लग्न हुनु सबै नागरिकको कर्तब्य हुनेछ ।

(८) महामारीको समयमा नगर क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुले नियमितरुपमा स्वास्थ्य सेवा संचालन गर्नु पर्नेछ ।

(९) महामारीको रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके बमोजिमको हुनेछ।

## **परिच्छेद- ५**

## **जनस्वास्थ्य प्रवर्द्धन तथा वातावरणीय स्वास्थ्य**

१५. जनस्वास्थ्य प्रवर्द्धन: (१) खाद्यान्न, तरकारी, फलफूल, दुग्धजन्य, मासुजन्य, पिउनेपानी लगायतका उपभोग्य वस्तुहरुलाई स्वच्छ र गुणस्तरीय बनाउनका लागि त्यसको उत्पादन,भण्डारण तथा बिक्री वितरण सम्बन्धमा नगरपालिकाले न्यूनतम गुणस्तर मापदण्ड तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गुणस्तर कायम नगरी बिक्री वितरण गरेर स्वास्थ्यमा प्रतिकुल असर देखा परेको प्रमाणित भएमा सोको क्षतिपूर्ति स्वदेशी उत्पादकको हकमा उत्पादक र बिक्रेता तथा विदेशी उत्पादकको हकमा आयातकर्ता र बिक्रेतालाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(३) जनस्वास्थ्यलाई प्रभावित पार्ने कुनै पनि किसिमको विज्ञापन तथा प्रचार-प्रसारलाई नियमन र नियन्त्रण गर्न नगरपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(४) जनस्वास्थ्य प्रवर्द्धनकालागि नगरपालिका क्षेत्रमा रहेका रणनीतिक स्थानहरुमा योग तथा व्यायामशाला, खुल्ला स्थान तथा खेल मैदान, हरित उद्यान, सार्वजनिक शौचालय लगायतका संरचनाहरुको स्थापना र संचालन तोकिय बमोजिम हुनेछ ।

(५) नगरपालिकाले पेशागत स्वास्थ्य सुरक्षालाई व्यवस्थित र मर्यादित बनाउन, यस सम्बन्धी तालिम संचालन र अन्य सुरक्षाका उपायहरु अवलम्बन गर्न आवश्यक व्यवस्था गर्नेछ ।

(६) जनस्वास्थ्य प्रवर्द्धनका कार्यहरुको नियमित अनुगमन र पृष्ठपोषणका लागि दफ़ा ५४ अनुसार गठित नगर जनस्वास्थ्य समितिबाट हुनेछ ।

(७) जनस्वास्थ्य प्रवर्द्धनको लागि विद्यालय स्वास्थ्य सेवा कार्यक्रम नियमितरुपमा संचालन गर्नेछ ।

---

(८) उपदफा (७) बमोजिमको कार्य गर्नको लागि विद्यालयले सम्बन्धित वडामा रहेको स्वास्थ्य संस्थासंग समन्वय र सहकार्य गर्नु पर्नेछ ।

(९) उपदफा (७) र (८)) बमोजिमको कार्यकालागि बजेट तथा नियमित अनुगमन र

मूल्यांकनका लागि आवश्यक व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

(१०) कुखुरा लगायतका जनावरहरुमा अत्यधिक मात्रामा प्रयोग भइरहेको प्रतिजैविक औषधिको कारण मानव स्वास्थ्यमा पर्न गएको प्रतिजैविक प्रतिरोध (Antimicrobial Resistence).लाई नियन्त्रण गर्नकोलागी चेतनामुलक कार्यक्रम संचालन गर्नुका साथै यस सम्बन्धी नियमनको व्यवस्था तोकिए अनुसार हुनेछ ।

(११) आयुर्वेद स्वास्थ्य केन्द्रको नेतृत्वमा समुदायस्तरमा नागरिक आरोग्य अभियान नियमितरुपमा संचालन गरिनेछ ।

१६. नसर्ने रोगको रोकथाम: (१) नसर्ने दिर्घरोगको रोकथाम तथा व्यवस्थापनकालागि "मेरो स्वास्थ्य मेरो जिम्मेवारी"को अवधारणालाई आत्मसाथ गर्दै स्वस्थ्यकर जीवनशैलीकालागि उचित खानपान, शारीरिक व्यायाम, योग, ध्यान जस्ता कार्यहरु दैनिक गर्नुका साथै नियमित स्वास्थ्य परीक्षण गर्नु गराउनु प्रत्येक नगरवासीको कर्तव्य हुनेछ।

(२) नसर्ने रोगको रोकथाम तथा व्यवस्थापनका लागि अति आवश्यक पर्ने स्वास्थ्य परीक्षणको व्यवस्था नगर भित्रका आधारभूत अस्पताल र अन्य स्वास्थ्य संस्थाहरुबाट उपलब्ध हुनेछ ।

(३) नगरपालिकाले संघीय तथा प्रदेश सरकारले जारी गरेका नसर्ने रोगको रोकथाम, निदान तथा उपचार सम्बन्धी प्रोटोकल अनुरुप सेवा प्रदान गर्नेछ ।

(४) नगरपालिकाले नसर्ने रोग सम्बन्धी विशेष प्याकेजको निर्माण गरी नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य प्रवर्द्धनका कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

१७. वातावरणीय स्वास्थ्य: (१) स्वस्थ्य नगरपालिकाको अवधारणा अनुरुप ध्वनी, वायु, माटो, जलवायु परिवर्तन तथा जलप्रदुषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्यूनीकरण गर्न नगरपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्नेछ ।

(२ उपदफा (१) अनुसार गरिने क्रियाकलापहरुको नियमितरुपमा अनुगमन र मूल्यांकन गरिने र सोबाट प्राप्त पृष्ठपोषण सहितको प्रतिवेदन नगरपालिकाले तयार गरि दफा ५४ अनुसार गठित नगर जनस्वास्थ्य समिति समक्ष बार्षिकरुपमा पेश गर्नु पर्नेछ ।

१८. फोहरमैला व्यवस्थापन: (१) नगरपालिकाले फोहरमैला व्यवस्थापन ऐन, २०७५ मा भएका प्रावधानका आधारमा आवश्यक कार्यविधि बनाई नगरको फोहरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउनेछ ।

(२) स्वास्थ्यजन्य फोहोरमैला संकलन,अलगाव (Segregation), प्रशोधन, विसर्जनका साथै यसको नियमनकारी व्यवस्था तोके अनुसार हुनेछ र तत्कालका लागि संघीय सरकारद्वारा जारी प्रचलित निर्देशिका

बमोजिम कार्यसंचालन हुनेछ ।

(३) आफ्नो स्वास्थ्य संस्थाबाट उत्पन्न हुने स्वास्थ्यजन्य फोहोरमैला तोकिएको मापदण्ड अनुरुप व्यवस्थापन गर्नु सम्बन्धित सबै संस्थाहरुको दायित्व हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि अस्पताल लगायतका स्वास्थ्य संस्थाले नगरपालिकाको केन्द्रिय फोहर प्रशोधन केन्द्रसंग समन्वय र संझौता गरी स्वास्थ्यजन्य फोहरलाई जोखिम रहित बनाई अन्तिम बिसर्जन गर्नुपर्नेछ।

१९. <u>सूर्तीजन्य तथा मदिराजन्य पदार्थको नियमन</u>: (१) सूर्तीजन्य तथा मदिराजन्य पदार्थ बिक्रि वितरणको लागि बिक्रेताले नगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ बिक्रि गर्ने खुद्रा तथा थोक पसलमा सूर्तीजन्य तथा मदिराजन्य पदार्थ बिक्रि वितरण गर्न बन्देज गरिनेछ ।

(३) अठार बर्ष पुरा नभएका व्यक्ति र गर्भवती महिलालाई सूर्तीजन्य र मदिराजन्य वस्तुको बिक्रि वितरण गर्न र गर्न लाउनका लागि बन्देज गरिनेछ ।

(४) नगरपालिकाले सूर्तीजन्य र मदिराजन्य वस्तुको बिक्री वितरण र प्रयोगमा नियन्त्रण गर्नका लागि निषेधित क्षेत्र तोक्न सक्नेछ ।

(५) सूर्तीजन्य र मदिराजन्य पदार्थको बारेमा जनतालाई दिग्भ्रमित पार्ने मिथ्या प्रकृतिका विज्ञापनमा बन्देज गरिनेछ ।

(६) सूर्तीजन्य र मदिराजन्य पदार्थको नियमन सम्बन्धी थप व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद- ६
## <u>स्वास्थ्य सेवामा सहयोगी व्यवस्थापन</u>

२०. <u>अभिलेखीकरण तथा प्रतिवेदन</u>:: (१) स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्राहिको अभिलेख सुरक्षित रुपमा राख्ने र तोकिएको निकायमा सेवा सम्बन्धी विवरण एकीकृत व्यवस्थापन सूचना प्रणाली मार्फत माशिक रुपमा प्रतिवेदन गर्नु पर्नेछ ।

(२) नगरपालिका तथा सम्बन्धित निकायले नियम संगत माग गरेको अवस्थामा तोकिएका विवरण माग गर्ने निकायमा पेश गर्नु संबन्धित संस्थाको जिम्मेवारी हुनेछ ।

(३) स्वास्थ्य सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न आधिकारिक तथ्यांक, सूचांक तथा सूचनाहरुको उपयोग गरिनेछ।

(४) स्वास्थ्य सम्बन्धी सूचनाको प्रवाह्कोलागि एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली सम्बन्धित निकायसंगको समन्वयमा संचालन र आवश्यकता अनुसार परिमार्जन गरिनेछ ।

(५) स्वास्थ्य सम्बन्धी तथ्यांकको भण्डारण , सूचना र संचारको वस्तुनिष्ट, पहुँच योग्य,भरपर्दो र प्रविधि मैत्री सम्बन्धी व्यवस्था संघीय मापदण्ड बमोजिम हुनेछ ।

(६) व्यक्तिगत प्रकृतिका गोप्य गर्नु पर्ने कुराहरु दफा ३२ बमोजिम हुनेछ ।

२१. <u>प्रयोगशाला सेवा</u>: (१) ) आधारभूत अस्पतालमा प्रयोगशाला सेवा स्थापना, विस्तार तथा संचालन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै लेखियको भएतापनि स्थानीय आवश्यकता र उपलव्ध श्रोतको आधारमा स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा स्थापना, विस्तार तथा संचालन गरिनेछ ।

(३) प्रयोगशालाको व्यवस्थापन तथा संचालनको कार्य सम्बन्धित आधारभूत अस्पताल वा स्वास्थ्य संस्था व्यवस्थापन समितिबाट हुनेछ।

२२. <u>रेडियोलोजी सेवा</u>: (१) आधारभूत अस्पतालमा रेडियोलोजी सेवा स्थापना, विस्तार तथा संचालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रेडियोलोजी सेवाको व्यवस्थापन तथा संचालन सम्बन्धित आधारभूत अस्पताल व्यवस्थापन समितिबाट हुनेछ ।

२३. <u>औषधि तथा स्वास्थ्य जन्य सामाग्रीको खरिद तथा भण्डारण</u>: (१) नगरपालिकाको खरिद समिती/ईकाईले वार्षिक रुपमा स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने गुणस्तरीय औषधि र स्वास्थ्यजन्य सामाग्रीहरुको खरिद तथा व्यवस्थापनका लागि वार्षिक खरिद योजना बनाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले स्वास्थ्य सामाग्रीहरु सहितको वहुवार्षिक खरिद योजना तयार गरी लागु गर्न सक्नेछ।

(३) आधारभूत अस्पताल र अन्य स्वास्थ्य संस्थाको खरिद योजना नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

(४) प्रचलित कानूनको परिधिभित्र रही वार्षिक खरिद योजना अनुसार औषधि तथा स्वास्थ्यजन्य समाग्रीहरुको निरन्तर उपलव्ध हुने गरी खरिद कार्य गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम खरिद गरेको उपकरण र औषधीको कूल परिमाण र मूल्य सहितको विवरण खरिद गरेको संस्थाले खरिद गरेको मितिले पन्ध्र दिन भित्र सार्वजनिक गर्नु पर्नेछ ।

(६) सम्बन्धित स्वास्थ्य संस्थाले प्राप्त गरेको उपकरण र औषधिहरुको विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने र त्यसको एक प्रति विवरण नगरपालिकामा बुझाउनु पर्नेछ।

(७) कुनै पनि स्वास्थ्य संस्थामा खपत हुन नसकेको औषधिको विवरण सम्बन्धित स्वास्थ्य संस्थाले तत्काल नगरपालिकालाई जानकारी गराउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त भएका औषधिहरु प्रयोग गर्न सकिने अन्य स्वास्थ्य संस्थामा पठाई व्यवस्थापन गर्नु नगरपालिका स्वास्थ्य शाखाको जिम्मेवारी हुनेछ ।

(९) आपतकालीन अवस्थामा स्वास्थ्य संस्थाहरुमा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक

पर्ने औषधि तथा स्वास्थ्यजन्य सामाग्रीहरुको बफर स्टकको लागि निरन्तर सोधभर्नाको व्यवस्था गर्नु पर्नेछ।

(१०) औषधि, स्वास्थ्यजन्य सामग्री र खोपको भण्डारण सम्बन्धित व्यवस्था प्रचलित मापदण्ड बमोजिम गर्नु पर्नेछ।

२४. <u>स्वास्थ्य पूर्वाधार र मापदण्ड</u>: (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका स्वास्थ्य संस्था र उपलव्ध भौतिक पूर्वाधारको संरक्षण र सम्बर्द्धन गर्नेछ।

(२) नेपाल सरकारको स्वास्थ्य संस्था वर्गीकरण एवं प्रचलित मापदण्डको प्रतिकूल नहुने गरी कार्यपालिकाले जलवायु तथा स्वास्थ्य अनुकुलन हुनेगरी न्युनतम पूर्वाधार मापदण्ड बनाउन सक्नेछ।

(३) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका स्वास्थ्य संस्थाहरुमा उपदफा (२) बमोजिमको मापदण्ड अनुसार स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण, विस्तार र मर्मतका कार्य गर्नुका साथै औजार तथा उपकरणको व्यवस्था र दैनिक स्वास्थ्य संस्था संचालनकालागी आवस्यक पानी, बिजुली, इन्टरनेट लगायतका सहयोगी सेवाहरु संघीय न्युनतम सेवा मापदण्डमा तोके बमोजिम हुनेछ।

२५. <u>स्वास्थ्य पूर्वाधार मर्मत संहार कोष</u>: (१) स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको मर्मत, संहारको लागि नगरपालिकाले एक छुट्टै कोष खडा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित कोषमा पूर्वाधार निर्माणको कूल बजेटको पाँच प्रतिसत छुट्याउनु पर्नेछ र प्रत्येक आ.व.को बजेटबाट निश्चित रकम छुट्ट्याउनका साथै कोषमा दाताहरुको सहयोगबाट प्राप्त रकम समेत रहनेछ।

(३) उपदफा (१) बमोजिम गठित कोषको संचालन प्रक्रिया नगरपालिकाले तोके बमोजिम हुनेछ।

२६. <u>एम्बुलेन्स र शववाहनको व्यवस्था</u> : (१) नगरपालिकाले आधारभूत अस्पतालमा एम्बुलेन्स र शववाहनको व्यवस्था गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले आवश्यकताको आधारमा अन्य स्वास्थ्य संस्थामा पनि एम्बुलेन्स सेवा विस्तार गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको एम्बुलेन्स र शववाहन सेवाको व्यवस्थापन कार्य आधारभूत अस्पताल व्यवस्थापन समिति वा सम्बन्धित स्वास्थ्य संस्था व्यवस्थापन समितिको हुनेछ।

२७. <u>जन्म र मृत्युको प्रमाण पत्र</u>: (१) स्वास्थ्य संस्थामा जन्म भएको शिशुको तोकिएको ढाँचामा जन्म प्रमाणपत्र बनाई सम्बन्धित आमा, बुवा, संरक्षक वा अन्य अभिभावकलाई दिनु पर्नेछ।

(२) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा कुनै व्यक्तिको उपचारको क्रममा मृत्यु भएमा तोकिएको ढाँचामा सम्बन्धित अभिभावकलाई मृत्यु प्रमाण पत्र दिनु पर्नेछ।

## परिच्छेद- ७
## स्वास्थ्य सेवाको गुणस्तर र सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था

२८. स्वास्थ्य सेवाको गुणस्तर : (१) नगरपालिकाले स्थानीय तह अन्तर्गत संचालित स्वास्थ्य सेवाको गुणस्तर सम्बन्धमा नियमितरुपमा नियमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गुणस्तर नियमन गर्दा न्युनतम स्वास्थ्य सेवा मापदण्ड र राष्ट्रिय चिकित्सा मापदण्ड अनुरुप हुने गरी संचालन गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको कार्य दफा ५६ को उपदफा (१) अनुसार गठित नगर स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता समिति मार्फत हुनेछ ।

.२९ सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमको व्यवस्थापन: (१) नगरपालिकाले सामाजिक स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारीरुपमा संचालन गर्न आवश्यक सहजीकरण, जनचेतना अभिबृद्धि र दर्ता अभियान संचालन गर्नेछ।

(२) नगर क्षेत्र भित्रका औपचारिक निकायहरुलाई स्वास्थ्य बीमामा समेट्नुका साथै आवश्यकता अनुसार कुनै सिमान्तकृत वर्ग विशेषकालागि बीमाको योगदान रकममा सहयोग गर्न सक्नेछ।

(३) नगरपालिकाले अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरु आवश्यकता र साधन, श्रोतको उपलब्धताका आधारमा लागु गर्न सक्नेछ ।

(४) उपदफा (३) अनुसारको थप सामाजिक सुरक्षा कार्यक्रम संचालनका लागि सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गर्न सक्नेछ ।

३० . जनस्वास्थ्य निरिक्षकको व्यवस्था: (१) जनस्वास्थ्यलाई प्रतिकूल प्रभाव पर्न सक्ने वातारणीय सरसफाई, प्रदूषण, खाने पानी, सूर्ती तथा मदिराजन्य पदार्थ र अखाद्य वस्तुबाट जनतालाई सुरक्षित् राख्नको लागि त्यस सम्बन्धी गतिविधिहरुको निरन्तर अनुगमन, नियमन र नियन्त्रण गर्नकालागि नगरपालिकाले योग्य स्वास्थ्य कर्मीलाई जनस्वास्थ्य निरिक्षक तोक्न सक्नेछ।

(२) उपदफा (१) अनुसारको जनस्वास्थ्य निरिक्षकको योग्यता, कार्य क्षेत्र , जिम्मेवारी र सेवा सुविधा तोके बमोजिम हुनेछ।

## परिच्छेद-८

## सेवाग्राहीको कर्तव्य र सेवा प्रदायकको दायित्व

३१. सेवाग्राहीको कर्तव्य: (१) व्यक्ति स्वयं आफ्नो स्वास्थ्यको बारेमा सचेत भई स्वस्थ्यकर खानपान, स्वच्छ वातावारण र स्वस्थ्यकर जीवनशैली अपनाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिमको अतिरिक्त नजिकको स्वास्थ्य संस्थामा गई नियमितरुपमा स्वास्थ्य

परिक्षण गराउनु तथा स्वास्थ्य कर्मीको सुझाव अनुसरण गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(३) चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई शिष्ट एवम् मर्यादित व्यवहार गर्नु प्रत्येक सेवाग्राहीको कर्तव्य हुनेछ।

३२. सेवाप्रदायकको दायित्व: (१) सेवाग्राहीलाई शिष्ट र मर्यादित तवरबाट रोग निदान तथा स्वास्थ्य सेवा प्रदान गरि रोग र उपचार सम्बन्धी पूर्ण जानकारी गराउनु प्रत्येक सेवाप्रदायकको दायित्व हुनेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य सेवा प्रदान गर्दा जात, धर्म,वर्ण, लिङ्ग र वर्गको आधारमा कुनै पनि भेदभाव गर्न पाइने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सेवाप्रदायकले विरामीको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी सेवा प्रदान गर्दा प्राथमिकीकरण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम स्वास्थ्य सेवा प्रदान गर्दा सेवाग्राहीको स्वास्थ्य सेवासंग सम्बन्धित गोपनियता कायम गर्नु प्रत्येक सेवा प्रदायकको दायित्व हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाएको अवस्थामा सूचना सार्वजनिक गर्न वाधा पुग्नेछैन :-

(क) सेवाग्राहीले सूचना सार्वजनिक गर्न सहमति दिएमा,

(ख) अदालतले सूचना माग गरेमा वा प्रचलित कानून वमोजिम सूचना सार्वजनिक गर्नुपर्ने भएमा,

(ग) सूचना सार्वजनिक नगर्दा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने अवस्था देखिएमा।

३३. स्वास्थ्य संस्थाको दायित्व: (१) स्वास्थ्य संस्थाले सम्बन्धित स्वास्थ्य परिषदमा दर्ता भएका योग्य र दक्ष स्वास्थ्य सेवा प्रदायक मार्फत सेवा प्रवाह गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा प्रवाह गर्दा रोगको प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र पुनर्स्थानात्मक सेवा प्रवाहका उपलब्ध उपायहरु अवलम्बन गर्नु पर्नेछ।

(३ ) स्वास्थ्य संस्थाको आफुले उपलब्ध गराएको सेवाका अतिरिक्त थप सेवाको आवश्यक पर्ने भएमा दफा ५ अनुसारको व्यवस्था अवलम्बन गरी प्रेषण गर्नुपर्नेछ ।

३४. स्वास्थ्य सेवा अवरुद्ध गर्न नहुने: (१) जुनसुकै समय र परिस्थितिमा नियमित र आकस्मिक सेवा संचालन गर्नु प्रत्येक स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ।

(२) उपदफा (१ ) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि कुनै स्वास्थ्य संस्थामा आकस्मिक स्वास्थ्य सेवा संचालन नभएको खण्डमा स्वास्थ्य संस्थामा तत्काल उपलब्ध उपचार गरी थप उपचारका लागि

सो सेवा उपलब्ध हुने उच्चस्तरीय स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ ।

(३) स्वास्थ्य संस्थाले उपदफा (२) बमोजिम प्रेषण गर्दा दफा ५ अनुसारको बिधि र प्रक्रिया अवलम्वन गर्नु पर्नेछ ।

३५. <u>गुनासो व्यवस्थापन</u>: (१) नगरपालिकाले सेवाग्राहीको स्वास्थ्य सेवा सम्बन्धी गुनासो संकलन र त्यसको सम्बोधन गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसारको कार्यकालागि नगरपालिकाले प्रत्येक स्वास्थ्य संस्थामा एक जना कर्मचारीलाई गुनासो व्यवस्थापन अधिकारी तोक्ने छ ।

(३) उपदफा (२) मा तोकिएको अधिकारीले गुनासो व्यवस्थापन गर्न नसकेमा सम्बन्धित स्वास्थ्य संस्था प्रमुखबाट सम्बोधन गनुपर्नेछ ।

(४) उपदफा (१) मा समावेश विषयवस्तुमा नियमित सूचना संकलनकालागी प्रत्येक स्वास्थ्य संस्थामा सबैले देख्ने ठाउँमा गुनासो तथा सुझाव पेटिका राख्नु पर्नेछ ।

३६. <u>पेशागत सुरक्षा र कार्यमैत्री वातावरण</u>: (१) स्वास्थ्य संस्थामा सेवाग्राहीलाई सेवा प्रदान गर्न भय रहित र कार्यमैत्री वातावरणको सुनिश्चित गर्न साझेदार निकायहरुसँग समन्वय गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसारको सेवा प्रवाह गर्नका लागि स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले सम्बन्धित परिषद्ले निर्धारण गरे बमोजिमका पेशागत आचरण पालना गर्नु पर्नेछ ।

(३) सवै स्वास्थ्य संस्थामा संघीय "स्वास्थ्य कर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६" अनुसारको व्यवस्था सेवाग्राहीलाई जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद- ९

## <u>स्वास्थ्य संस्था स्थापना र संचालन मापदण्ड</u>

३७. <u>स्वास्थ्य संस्था स्थापना र संचालन</u> : (१) नेपाल सरकारद्वारा जारी भएको मापदण्डको आधारमा नगरपालिकाले स्थानीय तहको आवश्यकतालाई सम्बोधन हुने गरी स्थानीय स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्वास्थ्य संस्था स्तरोन्नति मापदण्ड लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड पुरा गरी नगरपालिकामा कम्तिमा एकवटा आधारभूत अस्पताल र प्रत्येक वडामा कम्तिमा एउटा स्वास्थ्य संस्था रहनेगरी स्वास्थ्य संस्थाको स्थापना तथा संचालन गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय आवश्यकता र उपलब्ध श्रोतको आधारमा नगरपालिकाले एक वा सो भन्दा बढी आधारभूत अस्पताल वा अन्य स्वास्थ्य संस्था संचालन गर्न बाधा पुग्ने छैन ।

(४) उपदफा (१), (२), र (३) अनुसारका प्रावधानहरु कार्यान्वियन गर्नका लागि हाल संचालनमा रहेका स्वास्थ्य संस्थाको स्तरोन्नती,नयाँ स्थापना वा क्षेत्र स्थानान्तरण गरी संचालन गर्न सक्नेछ।

(५) नगरक्षेत्र भित्र जडीबुटी, प्राकृतिक चिकित्सा, योग, ध्यान लगायतका प्रवर्द्धनात्मक र बैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा बिभिन्न ट्रष्टहरुसंगको साझेदारीमा वा नगरपालिका आफैंले आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र संचालन गर्न सक्नेछ ।

(६) बसाइ सराइले सेवाग्राहीको संख्या अत्यन्त न्यून भएका स्थानमा रहेका स्वास्थ्य संस्थाको संरचना सानो गराउने वा अन्यत्र गाभ्ने वा क्षेत्र स्थानान्तरण गर्न सक्नेछ।

३८. निजी तथा गैर सरकारी स्वास्थ्य संस्थाको स्थापना र संचालन : (१) नगरक्षेत्र भित्र निजी,ट्रष्ट, लोककल्याणकारी वा सामुदायिक वा गुठी लगायतका संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा पन्ध्र शैयासम्मको अस्पताल तथा स्वास्थ्य केन्द्रको स्थापना र संचालनको अनुमति नगरपालिकाले दिन सक्नेछ ।

(२) नगरक्षेत्र भित्र कुनै पनि किसिमको स्वास्थ्य संस्था संचालन गर्नका लागि सम्बन्धित वडाको सिफारिस अनिवार्य रुपमा लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण, खारेजी र अन्य व्यवस्थाका लागि नगरपालिकाद्वारा मापदण्ड जारी नहुँदासम्म संघीय सरकारबाट जारी मापदण्ड बमोजिम हुनेछ।

३९ . निजी शिक्षण अस्पताल र अस्पताल संचालनका लागि सिफारिस : (१) नगरक्षेत्र भित्रका संघीय वा प्रादेशिक सरकारको मापदण्ड अनुरुप निजीस्तरबाट शिक्षण अस्पताल तथा स्वास्थ्य बिज्ञान अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडाको सिफारिस लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिंदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय क्षेत्रमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरेको हुनु पर्नेछ ।

४०. सामुदायिक उत्तदायित्वको व्यवस्था : (१) सामुदायिक , निजी, सहकारी, ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा संचालित अस्पतालले कम्तिमा दश प्रतिसत शैया निःशुल्क सेवाको लागि उपलब्ध गराउनु पर्नेछ, साथै प्रत्येक वर्ष कम्तिमा एक पटक समुदाय स्तरमा स्वास्थ्य जनचेतनाका कार्यक्रम संचालन गर्नु पर्नेछ।

(२)उपदफा (१) बमोजिम छुट्याईएको शैयामा गरिव, विपन्न, असहाय, अपांग, सीमान्तकृत लगाएतका सेवाग्राहीहरुलाई निजको अवस्थाको परिचय खुल्ने प्रमाण पत्रका आधारमा निःशुल्क सेवा प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रमाणपत्र नभएमा सेवाग्राहीको सम्बन्धित वडाको सिफारिसका आधारमा सेवा प्रदान गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम दिइएको सेवाको लिखित विवरण मासिकरुपमा नगरपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद -१०

## स्वास्थ्य जनशक्तिको व्यवस्थापन

४१. स्वास्थ्य जनशक्ति: (१) नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य सेवा प्रदान गर्नका लागि देहाय अनुसारका स्वास्थ्य जनशक्ति र स्वयंसेवक रहने छन्:-

(क) नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका वा प्रदेश लोक सेवा आयोग मार्फत सिफारिश भई नगरपालिकामा पदस्थापन भएका स्थायी स्वास्थ्यकर्मीहरु,

(ख) नगरपालिकाबाट स्थायी भएका साविकका स्वास्थ्यकर्मीहरु,

(ग) आवश्यकताका आधारमा निश्चित काम र निश्चित समयकालागि विभिन्न श्रोतबाट करार सेवामा भर्ना गरिएका स्वास्थ्यकमीहरु,

(घ) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका/ स्वास्थ्य सहजकर्ता/स्वास्थ्य स्वयंसेवकहरु।

(२) नगरपालिकाले स्वास्थ्य जनशक्तिको क्षमता विकासकालागि तालीम, नियमित अनुशिक्षण, अवलोकन भ्रमण जस्ता कार्यक्रम संचालन गर्न सक्नेछ ।

४२. पदको वर्गीकरण: (१) नगरपालिका स्वास्थ्य सेवाको दरबन्दी स्थानीय सेवा ऐन अनुसार हुनेछ ।

(२) उपदफा (१) बमोजिक स्थानीय सेवा ऐन लागु नभयसम्म नगरपालिकामा स्वास्थ्य सेवाका कर्मचारीको पद देहाय अनुसार हुनेछन:-

(क) अधिकृत स्तर

(ख) सहायक स्तर

(३) उपदफा (२ को १ ) (क) बमोजिमका पदहरुको तह देहाय बमोजिम हुने छन्:-

(१) अधिकृत स्तर दशौ

(२) अधिकृत स्तर नवौ

(३) अधिकृत स्तर आठौ

(४) अधिकृत स्तर सातौ

(५) अधिकृत स्तर छैठौ

(३) उपदफा (२ को १ ) (ख) बमोजिमका पदहरुको तह देहाय बमोजिम हुने छन्:-

(१) सहायक स्तर पाँचौ

(२) सहायक स्तर चौथो

(४) यो ऐन प्रारम्भ हुँदाका वखत नगरपालिकामा कायम रहेका पदहरु यसै ऐन बमोजिम भएको मानी सोही बमोजिम तह मिलान गरिनेछ।

४३. पदपूर्ति: (१) नगरपालिका स्वास्थ्य सेवाका स्थायी कर्मचारीहरु स्थानीय सेवा सम्बन्धी ऐन बमोजिम प्रदेश लोक सेवा आयोगबाट पद पूर्ति हुनेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय सेवा सम्वन्धी ऐन नबने सम्म प्रचलित कानून बमोजिम स्वीकृत संरचना अनुरुपको आवश्यक जनशक्ति नगरपालिकाको अनुरोधमा प्रदेश लोक सेवा आयोगबाट पद पूर्ति गर्न बाधा पर्ने छैन।

(३) नगरपालिकाले स्वास्थ्य सेवाका कर्मचारीहरुको करार सेवामा नियुक्तिकालागि नगरपालिकाले करार सेवा नियुक्ति कार्यविधि लागु गर्नेछ।

४४. सरुवा गर्न सक्ने : (१) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य सेवाका कर्मचारीहरुलाई एउटा स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थाको समान पदमा सरुवा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कर्मचारीको सरुवा गर्दा लिइने आधार नगरपालिकाले तोके बमोजिम हुनेछ।

४५. काजमा खटाउन सक्ने: (१) नगरपालिका भित्र स्वास्थ्य सेवालाई व्यवस्थित गर्नका लागि मातहतको कुनै स्थायी कर्मचारीलाई अर्को स्वास्थ्य संस्थामा समयावधि तोकी कामकाज गर्न खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम काजमा खटाउदा कर्मचारी कार्यरत स्वास्थ्य संस्थाबाट प्रदान हुने स्वास्थ्य सेवालाई प्रतिकूल प्रभाव पर्ने गरी गर्नु हुनेछैन।

४६. विशेष पदको सृजना : (१) नगरपालिकाले देहायको अवस्थामा विशेष पदको सृजना गर्न सक्नेछ:-

(क) कुनै कर्मचारी नगरपालिकाको स्वीकृतिमा छात्रवृत्ति प्राप्त गरी अध्ययन बिदामा बसेमा,

(ख) तिन महिना भन्दा लामो अवधिको तालिममा खाटिएमा ,

(ग) कुनै कर्मचारीले तिन महिना भन्दा लामो विदा लिइ बसेमा,

(घ) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको संगठन संरचना तयार गर्दा फाजिल परेको कर्मचारीको पदाधिकार कायम गर्नु परेमा ,

(ङ) स्वास्थ्य आपतकालीन अवस्था परेको समयमा।

(२) उपदफा (१) को अवस्था विद्धमान नरहेमा त्यसरी सृजना भएको पद स्वत: खारेज हुने र सो स्थानमा कार्यरत कर्मचारी स्वत: अवकाश हुनेछ।

(३) उपदफा (२ ) मा जुन सुकै कुरा लेखिएको भए तापनि विपद  वा जनस्वास्थ्य आपतकालीन अवस्थामा  र आधारभूत स्वास्थ्य सेवा विस्तार गर्नका लागि अतिरिक्त स्वास्थ्य जनशक्ति एवं जनस्वास्थ्य विज्ञ करारमा थप गर्न बाधा पुर्याएको मानिने छैन।

४७ . कर्मचारीको सेवा,शर्त र सुविधा सम्बन्धी व्यवस्था : (१) नगरपालिका अन्तर्गतका स्वास्थ्यकर्मिको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था स्थानीय सेवा ऐनले तोके अनुसार हुनेछ।

(२) उपदफा (१) बमोजिमको ऐन नबने सम्मकालागि  कर्मचारीको सेवा, शर्त र सुविधा निजको नियुक्ति हुँदा वा समायोजनका बखत कायम रहेको प्रचलित कानून बमोजिम हुनेछ।

(३) करार स्वास्थ्यकर्मिको तलव र सेवा सुविधा प्रचलित करार सम्झौताको आधारमा हुनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्य बोझको प्रकृति हेरी स्वास्थ्यकर्मीलाई उत्प्रेरित गर्न, अतिरिक्त सुविधा प्रदान गर्न तथा तोकिएको  जिम्मेवारी पुरा नगर्ने कर्मचारीलाई प्रचलित कानून अनुसार कारवाही गर्न यस ऐनले बाधा पुर्याएको मानिने छैन।

४८ कार्य सम्पादन करार: (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनकालागि नगरपालिकाले प्रत्येक कर्मचारीसंग छुट्टा छुट्टै कार्य सम्पादन करार सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर्मचारीको वार्षिक कार्य सम्पादन करारका लागि सूचकहरु बनाई कार्यपालिकाबाट स्वीकृत सूचकका आधारमा कर्मचारीहरुको वार्षिक कार्य सम्पादनको मूल्यांकन गरिनेछ।

(३) उपदफा (२) बमोजिमको सूचकको आधारमा नगरपालिका प्रमुखसंग प्रमुख प्रशासकीय अधिकृतले; प्रमुख प्रशासकीय अधिकृत संग स्वास्थ्य शाखा प्रमुख र आधारभूत अस्पताल प्रमुखले र स्वास्थ्य शाखा प्रमुख संग अन्य कर्मचारीहरुले वार्षिकरुपमा कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ।

(४) कार्य सम्पादन करारको आधारमा कार्य क्षमता र प्रगतिको मूल्यांकन गरी कार्यपालिकाले स्वास्थ्यकर्मीलाई प्रोत्साहन गर्न सक्नेछ।

४९. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका: (१) यो ऐन प्रारम्भ हुँदाका वखत कार्यरत रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको स्थान रिक्त रहेमा स्वास्थ्य आमा समुहको सिफारिसमा  स्वास्थ्य संस्था व्यवस्थापन समितिले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका नियूक्त गर्नेछ ।

(२) जनघनत्वको आधारमा नगरपालिका भित्र कूल  महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको संख्यामा नबढ्ने गरी निजको माग अनुसार एक स्थानबाट अर्को स्थानमा समायोजन गर्न सक्नेछ तर सो समायोजन गर्नकोलागी समायोजन हुने संस्थामा स्थान रिक्त हुनु पर्नेछ।

(३) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई वार्षिक रुपमा पोशाक भत्ता, संचार तथा

यातायात खर्च, तालिम वा काममा खटाइएको दिनको पारिश्रमिक लगायतका सुविधाहरु संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाको नियमानुसार हुनेछ ।

(४) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको कामलाई उच्च मुल्याकंन गर्दै आवश्यक प्रोत्साहनको व्यवस्था गरिनेछ ।

५०. <u>पदीय आचरण र अन्य व्यवस्था</u>: (१) नगरपालिका अन्तर्गत कार्यरत सेवा करारका कर्मचारीलाई अनुगमन प्रतिवेदनका आधारमा सेवालाई नियमित गर्न वा नगर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम निम्न अवस्थामा करार सेवाका कर्मचारीहरु सेवाबाट पदमुक्त हुनेछन :-

(क) तोकिए बमोजिमको पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिन वा सो भन्दा बढी समय तोकिएको कार्यालयमा अनुपस्थित भएमा,

(ग) कार्यालयमा धुम्रपान तथा मध्यपान सेवन गरेको प्रमाणीत भएमा,

(घ) नैतिक पतन देखि फौजदारी अभियोग सम्मको कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ङ) कार्यालय समयमा अन्यत्र सेवा वा अन्य व्यवसायिक क्रियाकलापमा संलग्न भएमा,

(च ) व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने र कार्यालयको समयमा राजनैतिक संगठनका गतिविधिमा संलग्न भएमा,

(छ ) आचरण सम्बन्धी कुराको बारम्बार उल्लङ्घन गरेमा।

(३) कर्मचारी ट्रेड युनियन सम्बन्धी व्यवस्था संघीय तथा प्रदेश कानून बमजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिम कुनै पनि स्वास्थ्यकर्मीलाई पदबाट हटाउनु अघि निजलाई मनासिव माफिकको सफाईको मौका दिनु पर्नेछ ।

५१. <u>तलव भत्ता नपाउने वा सेवा अवधि गणना नहुने</u> : (१) कुनै पनि स्वास्थ्य सेवाका कर्मचारीले आफु कार्यरत रहेको स्वास्थ्य संस्थामा उपस्थित भइ कार्य गर्न नसक्ने अवस्था भएमा नियमानुसार बिदा स्वीकृत गराई बिदामा बस्नु पर्नेछ।

(२ ) उपदफा (१) विपरित बिदा स्वीकृत नगराई बसेको अवस्था र बेतलवी बिदामा रहेका स्वास्थ्य सेवाका कर्मचारीले अनुपस्थित अवधिको तलव, भत्ता तथा अन्य सुविधा पाउने छैन र सो अवधि समेत सेवामा गणना हुनेछैन ।

५२. <u>स्थायी आवासीय अनुमति लिन नहुने</u>: (१) नगरपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीले अन्य देशको स्थायी आवासीय अनुमति लिन पाईने छैन ।

(२) उपदफा (१) अनुसार स्थायी आवासीय अनुमति लिएका कर्मचारीलाई सेवावाट बरखास्त गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही र सजाय हुनेछ ।

५३. <u>स्थायी कर्मचारीका सम्बन्धमा</u> : (१) समायोजन भइआएका स्वास्थ्य सेवाका स्थायी कर्मचारीको हकमा स्वास्थ्य सेवा ऐन, २०५३ र स्वास्थ्य सेवा नियमावली, २०५५ मा उल्लेख भएका प्रावधानहरु लागु हुनेछन।

(२) उपदफा (१) अनुसारको ऐन खारेज भएमा संघ वा प्रदेशबाट जारी अन्य प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

## परिच्छेद-११
## <u>बहुक्षेत्रीय स्वास्थ्य समितिको व्यवस्था</u>

५४. <u>नगर बहुक्षेत्रीय जनस्वास्थ्य समिति</u>: (१) स्वास्थ्यका वहुआयामिक क्षेत्रलाई सम्बोधन गरी स्वस्थ्यकर जीवनशैली र स्वस्थ्यकर वातावरण सृजना गर्ने उद्देश्य हासिल गर्न, सुझाव, सल्लाह एवम् सहजीकरणकालागि देहाय बमोजिमको नगर बहुक्षेत्रीय जनस्वास्थ्य समितिको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको गठन गरिने समिति देहाय बमोजिमको हुनेछः-

(क) प्रमुख — अध्यक्ष

(ख) उपप्रमुख — उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) संयोजक, नगरपालिका सामाजिक विकास समिति — सदस्य

(ङ) प्रमुख, स्थानीय आधारभूत अस्पताल एक जना — सदस्य

(च) प्रमुख, सम्बन्धित स्वास्थ्य कार्यालय, .... — सदस्य

(छ) स्थानीय गै.स.स. मध्येवाट प्रमुखले मनोनित गरेको एकजना सदस्य

(ज) नगर भित्रका प्रधानाध्यापकहरु मध्येबाट प्रमुखले मनोनित गरेको एक जना सदस्य

(झ) स्वास्थ्य विज्ञहरु मध्येबाट प्रमुखले मनोनित गरेको एक जना- सदस्य

(ञ) निजी स्वास्थ्य सेवा संचालकहरु मध्येवाट प्रमुखले मनोनित गरेको एक जना सदस्य

(ट) नगर क्षेत्रभित्रको उद्योग र व्यापार संघको अध्यक्ष — सदस्य

(ठ) नगरको महिला स्वास्थ्य स्वयम सेविका संजालबाट अध्यक्षले तोकेकोएक जना

सदस्य

(ड) प्रमुख, नगर प्रहरी युनिट सदस्य

(ढ) प्रमुख**,** स्वाथ्य महा/शाखा सदस्य सचिव

(२) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर बहुक्षेत्रीय स्वास्थ्य समिति गठन गर्दा महिला,

जनजाती , दलित तथा आदिवासी सहितको समानुपातिक सहभागीता सुनिश्चित गरिनेछ ।

(३) समितिमा मनोनित सदस्यको पदावधि चार बर्षको हुनेछ ।

(४) नगरपालिकाले समितिको कार्य संचालनकालागि बजेटको व्यवस्था गर्नेछ ।

(५) समितिले बैठकमा आवश्यकता अनुसार विज्ञ तथा नगरपालिकाका सम्बन्धित शाखाका प्रमुखलाई आमन्त्रण गर्न सक्नेछ ।

५५. <u>नगर बहुक्षेत्रीय जनस्वास्थ्य समितिको काम, कर्तब्य र अधिकार</u>: (१) नगर बहुक्षेत्रीय जनस्वास्थ समितिको काम**,** कार्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वास्थ्यका बृहद सामाजिक निर्धारक तत्वहरुलाई समयमै सम्बोधन गरी नगरबासीको सुस्वास्थ्य कायम गर्न नगरपालिका अन्तर्गतका सबै नीतिहरुमा स्वास्थ्य नीति अवलम्वन गर्ने, गराउने,

(ख) जनताको स्वास्थ्यमा प्रत्यक्षरुपले प्रभावपार्ने जनस्वास्थ्यका निर्धारक तत्वहरु- शुद्ध पिउनेपानी, वातावरणीय सरसफाई, प्रदुषण र विषादी मुक्त स्वस्थ्यकर खानपानको व्यवस्था, मद्यपान र सूतिजन्य पदार्थको नियन्त्रण, सडक दुर्घटनाका न्यूनीकरणमा सम्बद्ध पक्षहरुसंग प्रभावकारी समन्वय र सहकार्यको वातावरण सिर्जना गर्ने,

(ग) नागरिकको स्वास्थ्य सुरक्षा, सम्बर्द्धन र सुधार सम्बन्धी स्वास्थ्यका बहुक्षेत्रीय आयामहरुको अवधारणा अनुरुप मार्ग निर्देशन, अनुगमन र नीति निर्माण गर्ने,

(घ) नगर भित्र उपलब्ध स्वास्थ्य सेवालाई गरिव, विपन्न, दलितको पहुँचका साथै दुर्गम स्थानसम्म पुर्याई समावेशी र समानुपातिक बनाउने ,

(ङ) विद्यालय स्वास्थ्य र शिक्षा कार्यक्रम संचालनलाई प्रभावकारी बनाई पोषण, वातावरण, सरसफाईमा सुधार ल्याउने ।

(ड) स्वास्थ्य सेवाको निरन्तर नियमन तथा गुणस्तर सुधार्कोलागी सार्वजनिक सुनुवाई एवं सामाजिक परिक्षण गराउने।

(२) नगर बहुक्षेत्रीय जनस्वास्थ्य समितिको, बैठक समिति आफैले निर्धारण गरेको कार्यविधि बमोजिम हुनेछ।

५६. <u>अनुगमन तथा गुणस्तर सुनिश्चितता समिति</u>: (१) नगर क्षेत्र भित्र रहेका सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाहरुबाट प्रदान भईरहेको स्वास्थ्य सेवाको अनुगमन, गुणस्तरको सुनिश्चितता तथा नयाँ स्वास्थ्य संस्था दर्ता, नविकरण, स्तरोन्नती र सेवा विस्तारका लागि देहाय बमोजिमको स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता समिति रहने छ: -

| | | |
|---|---|---|
| (क) | सामाजिक समितिको संयोजक | संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) | विषयगत क्षेत्र मध्येबाट समितिले छनौट गरेको प्रतिनिधि एक जना (ल्याब/रेडीयोग्राफर/डेन्टल/ फार्मेसी/ अप्थाल्मीक आदि) | सदस्य |
| (घ) | पब्लिक हेल्थ नर्स/जनरल नर्स एक जना | सदस्य |
| (ङ) | प्रमुखले तोकेको विषय विज्ञ एक जना | सदस्य |
| (च) | नगरपालिकाको योजना शाखा प्रमुख | सदस्य |
| (छ) | उपभोक्ता हित संरक्षणको क्षेत्रमा क्रियशील संस्थाको प्रतिनिधि -१ जना - | सदस्य |
| (ज) | स्वास्थ्य महाशाखा/शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिले शिक्षा, खानेपानी तथा सरसफाई , सामाजिक विकास , योजना शाखा लगायतका सम्बन्धित क्षेत्रका विषय विज्ञलाई आमन्त्रितको रुपमा सहभागी गराउन सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता समिति गठन गर्दा महिला तथा समानुपातिक सहभागीताको सुनिश्चितता गर्नेछ।

(४) नगर स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ:-

(क) नगर क्षेत्र भित्र रहेका सरकारी, गैरसरकारी, निजी स्वास्थ्य संस्थाहरुको अवस्था पहिचान र सूधारकालागि आवश्यक पर्ने अनुगमन निर्देशिका, सूचक र चेकलिस्ट तयार गर्ने,

(ख) अनुगमनको क्रममा देखिएका सवल र कमजोर पक्षहरुको विश्लेषण सहितको सुझाव सम्बन्धित संस्थालाई उपलब्ध गराउने ,

(ग) गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितताको लागि आवश्यकता अनुसार स्वास्थ्यकर्मीलाई अनुशिक्षण वा तालीमका लागि सिफारिस र सुधारका कार्ययोजना बनाउने,

(घ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायसंग आवद्ध कर्मचारीहरूलाई कार्यसम्पादन संझौताका आधारमा सहयोगात्मक सुपरिवेक्षण गर्ने,

(ङ) स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्दै आधारभुत स्वास्थ्य सेवामा सबैकालागि पहुँचको सुनिश्चितता कायम गर्ने।

(च) समितिले वार्षिकरुपमा अनुगमनको अवस्था, उपलब्धि, स्वास्थ्य सेवामा सुधार गर्नुपर्ने पक्ष सम्बन्धमा नगरपालिकामा पेश गर्ने।

(५) स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता समितिको बैठक संचालन विधि समिति आफैले निर्धारण गर अनुसारको कार्यविधि बमोजिम हुनेछ ।

(६) नगरपालिकाले समितिको कार्य संचालानकोलागी छुट्टै बजेटको व्यवस्था गर्नेछ।

५७. <u>आधारभूत अस्पताल व्यवस्थापन समिति</u>: (१) आधारभूत अस्पताल संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको अस्पताल व्यवस्थापन समिति रहनेछ: -

| | | |
|---|---|---|
| (क) | उपप्रमुख, नगरपालिका | अध्यक्ष |
| (ख) | संयोजक ,सामाजिक विकास समिति | सदस्य |
| (ग) | सम्बन्धित अस्पताल रहेको वडाको वडा अध्यक्ष | सदस्य |
| (घ) | वडाको महिला सदस्य मद्धे नगर प्रमुखबाट मनोनित १ जना | सदस्य |
| (घ) | प्रमुख ,स्वास्थ्य महा/शाखाको | सदस्य |
| (ङ) | नर्सिङ प्रमुख , आधारभूतअस्पताल | सदस्य |
| (च) | अध्यक्ष ,स्थानीय उद्योग व्यापार संघ | सदस्य |
| (छ) | स्थानिय समाजसेवी मध्ये नगर प्रमुखबाट मनोनित १ जना | सदस्य |
| (झ) | प्रमुख , आधारभूत अस्पताल | सदस्य सचिव |

(२) आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिको संरक्षक नगर प्रमुख हुनेछ।

५८. <u>स्वास्थ्य संस्था व्यवस्थापन समिति</u>: (१) यस ऐनको दफा ३७ को उपदफा (२ ) बमोजिम वडा स्तरीय

स्वास्थ्य संस्था व्यवस्थापन समिति देहाय अनुसार रहनेछः-

(क) स्वास्थ्य संस्था रहेको वडाको वडा अध्यक्ष – अध्यक्ष

(ख) सम्बन्धित वडाको महिला सदस्यमध्ये अध्यक्षबाट मनोनित एक जना -सदस्य

(ग) स्थानीय उद्योग व्यापार संघबाट प्रमुख वा प्रतिनिधि एक जना - सदस्य

(घ) स्थानीय समाजसेवी मध्येबाट वडा अध्यक्षले मनोनित दुइ जना -सदस्य

(ङ) सचिव, वडा कार्यालय सदस्य

(च) प्रमुख , वडा स्थित स्वास्थ्य संस्था - सदस्य सचिव

(२) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको संरक्षकमा नगरप्रमुख र सह-संरक्षकमा नगर उपप्रमुख हुनेछ।

५९. <u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>: (१) आधारभूत अस्पताल व्यवस्थापन समिति र स्वास्थ्य संस्था व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट जारी गरिएका आधारभूत स्वास्थ्य सेवा प्रवाह् र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चित गर्ने,

(ख) गुणस्तरीय, प्रभावकारी एवम् दिगो सेवा प्रवाहका साथै संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति र योजना तयार गरी नगरपालिकामा पेश गर्ने,

(ग) विभिन्न कारणले स्वास्थ्य सेवाबाट बन्चित रहेका स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न आवश्यक कार्यहरु गर्ने, गराउने,

(घ) स्वास्थ्य सेवा संचालनको लागि श्रोत र साधन जुटाउन पहल गर्ने र सेवाको शुल्कको दर कायम गरी स्वीकृतिका लागि नगरपालिकामा पेश गर्ने ,

(ङ) आम्दानीका आधारमा वार्षिक कार्यक्रम र बजेट तयार गरी समितिबाट बार्षिक योजना स्वीकृत गर्ने,

(च) प्रदान गरिएको सेवाको निरन्तर अनुगमन गरि सेवाको गुणस्तर बढाउने कार्यहरु गर्ने, गराउने,

(छ) स्वास्थ्य बीमा , आमा सुरक्षा, खोप, महामारी रोग नियन्त्रण जस्ता राष्ट्रिय महत्वका कार्यक्रमहरुको सफल कार्यान्वयनकोलागी सम्बन्धित पक्षसंग समन्वय र सहकार्य गर्ने,

(ज) भौतिक सम्पत्तिको संरक्षण, नियमित मर्मत संहार, नयाँ संरचना

निर्माणको सिफारिस गर्ने र यस सम्बन्धी तथ्यांक अध्यावधिक गरी अभिलेख राख्ने,

(झ) कार्यरत जनशक्तिको क्षमता विकास एवं कार्य मूल्यांकनको आधारमा प्रोत्साहनको व्यवस्था मिलाउने,

(ञ) उपचार गराउन आउने बिरामीको चाँप र रोगको प्रकोपको आधारमा जनशक्ति प्रक्षेपण सहित संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि नगरपालिकामा सिफारिस गर्ने,

(ट) कार्य प्रगतिको नियमित अनुगमन र त्रैमासिक समीक्षा गरि पृष्ठपोषण सहितको वार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्ने,

(ठ) व्यवस्थापन समितिको कार्य संचालानको लागि छुट्टै बजेटको व्यवस्था गर्ने,

(ड) एम्बुलेन्स र शववाहन सेवाको व्यवस्थापन र संचालन गर्ने।

(२) आधारभूत अस्पताल व्यवस्थापन समिति र स्वास्थ्य संस्था व्यवस्थापन समितिको वैठक वर्षमा कम्तिमा चार पटक बस्नु पर्नेछ।

६० . <u>बैंक खाता संचालन</u>: (१) नगरपालिका मातहतमा रहेका आधारभूत अस्पताल व्यवस्थापन समिति र स्वास्थ्य संस्था व्यवस्थापन समितिले नगरपालिकाको लेखा प्रणालीसंग सामञ्जस्यता गरी छुट्टै बैंक खाता संचालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको बैक खाता व्यवस्थापन समितिका अध्यक्ष वा निजले तोकेको सदस्य र सदस्य- सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(३) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ

## परिच्छेद-१२

## <u>समन्वय र सहकार्य सम्बन्धी व्यवस्था</u>

६१ . <u>समन्वय र सहकार्य</u>: (१) नगरपालिकाले स्वास्थ्य सेवा सम्बन्धी कार्य संघ, प्रदेश, स्थानीय तह, सरकारी, गैर सरकारी, सामुदायिक तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसंग समन्वय, सहकार्य र शाझेदारीमा गर्न सक्नेछ।

(२) उपदफा (१) अनुसारको समन्वय र सहकार्य अन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्ने, औषधि उपकरणको व्यवस्थापन, स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकास, एम्बुलेन्स एवं शव वाहनको व्यवस्थापन, स्वास्थ्य शिविरको संचालन, स्वास्थ्यकर्मिको क्षमता विकास र महामारी नियत्रण पर्नेछन।

(३) उपदफा (२) मा लेखिए बाहेक नगरपालिकाले स्वास्थ्य सम्बन्धी संघीय वा प्रादेशिक स्वास्थ्य कार्यक्रम संचालन

तथा स्वास्थ्य अभियानमा आवश्यक सहजीकरण र समन्वय गर्नेछ।

६२. सेवा खरिद र सम्झौता: (१) नगरपालिका भित्रका वासिन्दाको आधारभूत स्वास्थ्य सेवाको पहुँचकालागि नगरपालिकाले नगर क्षेत्र भित्र वा आसपासका सरकारी, गैर सरकारी एवं सामुदायिक स्वास्थ्य संस्थाहरुसंग स्वास्थ्य सेवा खरिद सम्झौता गर्न सक्नेछ।

(२) उपदफा (१) अनुसारको सेवा खरिद गर्दा प्रचलित कानूनको अधीनमा रही गर्नु पर्नेछ।

६३ . घुम्ती स्वास्थ्य सेवा: (१) नगर क्षेत्र भित्र सेवाको पहुँच नपुगेका ठाउँहरुमा स्वास्थ्य सेवा प्रदानकालागि घुम्ती स्वास्थ्य सेवा संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) अनुसारको घुम्ती स्वास्थ्य सेवा संचालनको कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद- १३

## कसूर,जरिवाना र क्षतिपूर्ति

६४. कसुर गरेको मानिने: (१) कसैले देहाय बमोजिमको कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिने छ:-

(क) दफा ४ को उपदफा (१) बमोजिमको स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ख) दफा १० को उपदफा (१),(२) र (३) बमोजिमको खोप सेवा प्रदान गर्न र लिन इन्कार गरेमा,

(ग) दफा ११ को उपदफा (१) बमोजिमको अनुमति नलिईकन खोप सेवा संचालन गरेमा,

(घ) दफा १४ को उपदफा (१) र (२) वमोजिम महामारी अवस्थाको जानकारी नगराएमा र उपदफा (७) बमोजिम निर्देशन पालना नगरेमा,

(ङ) दफा १५ को उपदफा (२) र (३) बमोजिमको गुणस्तरहिन उपभोग्यवस्तुको बिक्री वितरण वा विज्ञापन गरेमा,

(च) दफा १९ को उपदफा (१).(२),(३) र (४) बमोजिमको अनुमति नलिई सूर्तीजन्य तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा,

(छ) दफा ३१ को उपदफा (३) बमोजिम सेवाग्राहीले कर्तव्य निर्वाह नगरेमा ,

(ज ) दफा ३२ को उपदफा (१),(२) र (४) वमोजिम सेवाप्रदायकले दायित्व पालना नगरेमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्नेमा सम्बन्धित व्यक्तिले तेस्तो सूचना जानकारी नगराएमा वा स्वास्थ्य सेवा प्रदायकलाई जानी जानी गलत सूचना प्रदान गरेमा,

(ञ) दफा ३३ को उपदफा (१), (२) र (३) बमोजिम स्वास्थ्य सेवा प्रदायकले दायित्व निर्वाह नगरेमा,

(ट) दफा ३४ को उपदफा (१) बमोजिम स्वास्थ्य सेवा प्रदायकले स्वास्थ्य सेवा अवरुद्ध गरेमा,

(ठ) दफा ३८ को उपदफा (१) बमोजिम इजाजत पत्र नलिई स्वास्थ्य संस्था संचालन गरेमा,

(ड) दफा ४० को उपदफा (१) र (२) बमोजिम स्वास्थ्य सेवा प्रदायकले सहुलियतको व्यवस्था नगरेमा,

(ढ) दफा ६८ को उपदफा (१) बमोजिमको कार्य नगरेमा,

(ण) यो ऐन र ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, मापदण्ड बमोजिम काम नगरेमा।

६५. सजाय तथा जरिवाना: (१) दफा ६४ को (क),(ख),(ग,),(घ), (ङ), (च), (छ), (ज),(झ), (ञ), (ट), (ठ), (ड),(ढ) र (ण) बमोजिमको कसूर गरेमा नगरपालिका प्रमुखले पच्चीस हजार देखि पचास हजार सम्म सजाय गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन वा यस अन्तर्गतको आदेश बर्खिलाप सम्बन्धी काम, कारवाही गरेमा त्यसको कारवाही गर्ने अधिकारीले सो सम्बन्धमा सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको काम कारवाही र किनारा गर्ने अधिकार नगरपालिकाको नगर प्रमुखलाई हुनेछ।

(४) यस ऐन बमोजिम सजाय हुने कुनै कसूरमा अन्य नेपाल सरकारको प्रचालित कानून बमोजिम पनि सजाय हुन सक्ने अवस्था रहेछ भने सोही कानून बमोजिम सजाय गर्न यस ऐनले बाधा पुर्याएको मानिने छैन ।

६६. क्षतिपूर्ति दिनु पर्ने: (१) नगरपालिका भित्र कुनै व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम,

कार्यविधि वा मापदण्ड विपरितका गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष नकारात्मक प्रभाव परेमा त्यस बापत त्यस्ता व्यक्ति वा संस्थाले क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उप दफा (१) बमोजिमको क्षतिपूर्तिको निर्णय गर्ने अधिकार नगरपालिकालको नगर प्रमुखलाई हुनेछ।

६७ . पुनरावेदन दिन सक्ने (१) दफा ६४, ६५ र ६६ बमोजिम गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश प्राप्त भएको पैतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद- १४

## विविध

६८. कार्यस्थललाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने: (१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भय रहित सेवा पाउने वातावरण कायम गर्नु सबै सेवा प्रदायक, सेवाग्राही एवं आम जनसमुदायको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

६९. नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाउन सक्ने: यस ऐनको प्रभावकारी कार्यान्वयनकालागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

७०. बाधा अडकाउ फुकाउने अधिकार: (१) यस ऐनका प्रावधानहरुलाई कार्यान्वयन गर्न कुनै बाधा अड्चन परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्चन हटाउन आदेश जारी गर्न सक्नेछ ।

७१. खारेजी र बचाउ: (१) यो ऐन प्रारम्भ हुनु भन्दा पहिले प्रचलित कानून अनुसार भए गरेका कामहरु यसै ऐन अनुसार भएको मानिने छ र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) संघीय र प्रादेशिक कानूनसंग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।